# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, वैशाख १ गते २०४२ साल (अतिरिक्ताङ्क १ (ग)

## भाग ३

### श्री ५ को सरकार
### सामान्य प्रशासन मन्त्रालयको
### सूचना १

### निजामती सेवा (बाईसौं संशोधन) नियमावली, २०४२

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, निजामती सेवा ऐन, २०१३ को दफा ३, ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (बाईसौं संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली, २०४२ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. निजामती सेवा नियमावली, २०२१ को नियम ३.१ मा संशोधन: निजामती सेवा नियमावली २०२१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३.१ को उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) संवैधानिक अंग र सो अन्तर्गतका कार्यालयहरूका राजपत्राङ्कित अधिकृतहरूको सरूवा र ती कार्यालयहरूमा पदस्थापन गर्दा सम्बन्धित संवैधानिक अंगको पूर्वराय लिई गरिनेछ" ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३.३ मा संशोधनः मूल नियमावलीको नियम ३.३ को,–

(१) उप-नियम (८) मा रहेको "सम्बन्धित पदभन्दा एक तहमुनिको पदमा घटीमा पाँच वर्ष" भन्ने वाक्यांशको सट्टा "सम्बन्धित श्रेणी वा श्रेणीको तहभन्दा मुनिको श्रेणी वा श्रेणीको तहको पदमा घटीमा चार वर्ष" भन्ने वाक्यांश राखिएको छ र सोही उप-नियममा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छ–

"तर यो नियम लागू हुने मितिसम्ममा राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृत वा सो सरहको पदमा कम्तिमा ८ वर्ष नोकरी अवधि पुगेका कर्मचारीहरू सहायक सचिव वा सो सरहको पदमा बढुवा भएमा यो नियम प्रारम्भ भएको मितिले पाँच वर्षसम्मका लागि सहायक सचिव वा सो सरहको पदमा चार वर्ष नोकरी अवधि नपुगेको भएपनि राजपत्राङ्कित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पदको लागि संभाव्य उमेदवार हुन सक्नेछन्" ।

(२) उप-नियम (१०) मा रहेको "राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको" भन्ने शब्दहरूको सट्टा "राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिव वा सो सरह र राजपत्राङ्कित द्वितीय श्रेणीको" भन्ने शब्दहरू राखिएका छन्।

(३) उप-नियम (११) मा रहेको "५ वर्ष" भन्ने अंक र शब्दहरूको सट्टा "चार वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम ३.३ क. मा संशोधनः मूल नियमावलीको नियम ३.३ क. को सट्टा देहायको नियम ३.३ क. राखिएको छः–

"३.३ क. राजपत्राङ्कित विशिष्ट श्रेणीका पदमा र राजपत्राङ्कित प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पदमा बढुवा गर्दाको विशेष व्यवस्थाः–

(१) राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिवको पदमा बढुवा गर्दा श्री ५ को सरकारले उपयुक्त ठहराएको आधारमा छनौट गर्नेछ ।

(२) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पद पूर्ति गर्नको लागि बढुवा समितिले सिफारिश गर्दा पूर्ति गरिने पदको संख्याको कम-से-कम दोब्बरको संख्यामा संभावित उम्मेदवार (उपलब्ध भएसम्म) को नाम सिफारिश गर्नेछ र त्यसरी सिफारिश गरिएका कर्मचारी-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूमध्येबाट कार्य संपादन गर्न सक्ने क्षमता, उत्तरदायित्व बहन गर्ने खुबी तथा आफूमुनिका कर्मचारीहरूलाई नियन्त्रण, निर्देशन र प्रोत्साहन दिन सक्ने क्षमताको आधारमा श्री ५ को सरकारले उपयुक्त उमेदवारलाई मात्र छानी विशिष्ट श्रेणीमा बढुवा गर्नेछ ।

(३) राजपत्राङ्कित प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पद पूर्ति गर्नको लागि बढुवा समितिले सिफारिश गर्दा पूर्ति गरिने पद संख्याको कम-से-कम तेब्बर संख्यामा सम्भावित उम्मेदवार (उपलब्ध भएसम्म) को नाम सिफारिश गर्नेछ । त्यसरी सिफारिश गरिएका कर्मचारीहरूमध्येबाट कार्य सम्पादन गर्न सक्ने क्षमता र उत्तरदायित्व वहन गर्ने खुबीको आधारमा श्री ५ को सरकारले उपयुक्त उम्मेदवार-लाई अतिरिक्त सचिव वा सो सरहको पदमा बढुवा गर्नेछ ।

(४) उप-नियम (१), (२) र (३) बमोजिम बढुवा गर्दा नियम ३.३ को उप-नियम (६) र नियम ३.५ को उप-नियम (९) र (१०) लागू हुनेछैन" ।

५. मूल नियमावलीको नियम ३.५ मा संशोधनः मूल नियमावलीको नियम ३.५ को,–

(१) उप-नियम (३) को खण्ड (क) को प्रतिवन्धात्मक वाक्यांशको (२) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश (३) थपिएको छः–

"(३) नियम ३.३ को उप-नियम (८) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम उप-सचिव वा सो सरहका पदमा संभाव्य उम्मेदवार हुनेहरूका हकमा हाल बहाल रहेको सहायक सचिव वा सो सरहको पदमा काम गरेको नोकरी वर्षको मात्र कार्य सम्पादन मूल्याङ्कन फारामको अङ्क गणना गर्दा कम्तिमा चार वर्षको अवधि नपुगेमा राजपत्राङ्कित तृतीय श्रेणीको नोकरी अवधि मध्ये पछिल्ला वर्षहरूको समेत गरी जम्मा चार वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामसमेतको औसतबाट हिसाब गरिनेछ" ।

(२) उप-नियम (४) को खण्ड (क) को उप-खण्ड (१) र (२) मा रहेको "श्रेणीमा" भन्ने शब्दको सट्टा "श्रेणी वा श्रेणीको तहमा" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-नियम (४) को खण्ड (क) को उप-खण्ड (२) को प्रतिवन्धात्मक वाक्यांश (३) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश (४) थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

99

"(४) राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पदको बढुवामा संभाव्य उम्मेदवार हुने राजपत्राङ्कित द्वितीय श्रेणीका उप-सचिव वा सो सरहका कर्मचारीहरूको सम्बन्धमा राजपत्राङ्कित तृतीय श्रेणीबाट उप-सचिव वा सो सरहको पदमा बढुवा भएको भए राजपत्राङ्कित तृतीय श्रेणीमा काम गरेको अवधिको र सहायक सचिव वा सो सरह भै उप-सचिव भएको भए सहायक सचिव वा सो सरहको पदमा काम गरेको अवधिको यस उप-खण्डबमोजिम अङ्क दिइनेछ"।

(४) उप-नियम (६) को खण्ड (घ) मा रहेको "खण्ड (ङ) मा उल्लेख भएको समान उपाधि निर्धारण समितिमा पठाइनेछ" भन्ने वाक्यांशको सट्टा "परेमा सोको लागि शिक्षा तथा संस्कृति मन्त्रालयले त्रिभुवन विश्वविद्यालय-संग परामर्श गरी सम्बन्धित मन्त्रालयको प्रतिनिधिसमेत भएको एक समान उपाधि निर्धारण समितिको गठन गरी सो समितिमा यकीन गर्नको लागि पठाइनेछ" भन्ने वाक्यांश राखिएको छ।

(५) उप-नियम (६) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) यस उप-नियमको खण्ड (ख) को उप-खण्ड (ख) को प्रयोजनको लागि राजपत्राङ्कित पदको बढुवाको सम्बन्धमा सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित उपाधि भन्नाले प्रशासन सेवाको लागि अनुसूची ३ क मा तोकिएको विषयमा हासिल गरेको एक स्नातकोत्तर डिग्री वा उपाधिलाई मात्र लिइनेछ। अन्य सेवा, समूह, उप-समूहको प्रयोजनको लागि सम्बन्धित सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरूमा माथिल्लो उपाधि भनी तोकिएको एक उपाधिलाई मात्र लिइनेछ"।

(६) उप-नियम (६) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः–

"(ङ१) अनुसूची ३ क. मा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर गर्न सक्नेछ"।

(७) उप-नियम (७) को सट्टा देहायको उप-नियम (७) राखिएको छः–

"(७) उप-नियम (४) को खण्ड (ख) र (ग) उप-नियम (५) र उप-नियम (६) को खण्ड (ग) र (च) अनुसार पाउने अङ्क हाल बहाल रहेको श्रेणीमा वा श्रेणीको तहमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ र त्यसभन्दा तल्लो श्रेणी वा श्रेणीको तहमा प्राप्त गरेको अङ्क गणना गरिनेछैन। तालीमको अङ्कको गणनाको हकमा जुन श्रेणी वा श्रेणीको तहमा छँदा छनौट भई मनोनयन भएको हो सो अङ्क सोही श्रेणी वा श्रेणीको तहमा प्राप्त गरेको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 12

घटुवा भएको निजामती कर्मचारीले जुन श्रेणी वा श्रेणीको तह-बाट घटुवा भएको हो सोही श्रेणी वा श्रेणीको तहमा प्राप्त गरेको विभिन्न आधारहरू बापतको अङ्क हाल घटुवा भएको श्रेणी वा श्रेणीको तहमा प्राप्त गरेको मानिनेछ र हालको श्रेणी वा श्रेणीको तहबाट बढुवा भै सकेपछि त्यस्तो अङ्क पुनः गणना गरिनेछैन"।

६. मूल नियमावलीको परिच्छेद ७.क.को शीर्षकमा संशोधनः मूल नियमावलीको परिच्छेद ७.क को शीर्षकमा रहेको "विशिष्ट श्रेणीसम्बन्धी विशेष व्यवस्था" भन्ने शब्दहरूको सट्टा "पदावधिसम्बन्धी विशेष व्यवस्था" भन्ने शब्दहरू राखिएको छ।

७. मूल नियमावलीको नियम ७.क.१ मा संशोधनः मूल नियमावलीको नियम ७.क.१ को,–

(१) उप-नियम (१) पछि देहायको उप-नियम (१क) थप गरिएको छ :–

(१क) नियम ७.१ मा जेसुकै लेखिए पनि राजपत्राङ्कित प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पदमा र राजपत्राङ्कित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पदमा दश वर्षसम्म काम गरिसकेका कर्मचारीलाई सरकारी सेवाबाट अवकाश दिइनेछ । तर,

(१) श्री ५ को सरकारले उपयुक्त ठानेमा अतिरिक्त सचिव वा सो सरहको र उप-सचिव वा सो सरहको पदमा काम गर्ने कर्मचारीलाई दुई वर्षको एक अवधिसम्म म्याद थप गरी दिन सक्नेछ ।

(२) प्राविधिक सेवातर्फको पदमा काम गर्ने कर्मचारीको सम्बन्धमा यो उप-नियम लागू हुनेछैन ।

(२) उप-नियम (२) पछि देहायको उप नियम (३) थपिएको छः–

उप-नियम (१क) बमोजिमको अवधिको गणना यो नियम प्रारम्भ भएको मितिदेखि गरिनेछ।

८. मूल नियमावलीको नियम ७.क.३ मा संशोधनः मूल नियमावलीको नियम ७.क.३ झिकिएको छ।

९. मूल नियमावलीमा नियम ९.१८क. थपः मूल नियमावलीको नियम ९.१८ पछि देहायको नियम ९.१८.क. थप गरिएको छ।

"९.१८.क. प्रशासकीय नियन्त्रणः प्राविधिक विशिष्ट श्रेणीका पदाधिकारी सम्बन्धित मन्त्रालयका सचिवको प्रशासकीय नियन्त्रणमा रहनेछन्"।

१०. मूल नियमावलीमा अनुसूची ३. क. थपः मूल नियमावलीको अनुसूची ३ पछि यसै साथ संलग्न अनुसूची ३. क. थप गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची ३. क.

(नियम ३. ५(६),(ङ) र (ङ १) संग सम्बन्धित)

१. एम.ए. (अर्थशास्त्र, इतिहास, भूगोल, नेपाली, अंग्रेजी, राजनीति शास्त्र, संस्कृति, मनोविज्ञान र दर्शन शास्त्र)

२. एम.कम.

३. एल.एल.एम.

४. एम.पी.ए.

५. एम.बी.ए.

६. निम्न विषयहरूमा स्नातकोत्तर उपाधिः–

(क) सञ्चार

(ख) एन्थ्रोपोलोजी

(ग) सोसियोलोजी

(घ) संस्कृत

(ङ) विकास प्रशासन

(च) म्याथमेटिक्स

(छ) स्टाटिस्टिक्स"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

98

# सूचना २

## नेपाल प्रशासन सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०४२

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल प्रशासन सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०४२" रहेको छ ।

(२) यी नियमहरू २०४२ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. सेवाको गठनः नेपाल प्रशासन सेवा गठन गरिएको छ ।

३. सेवाको श्रेणी, तह र पदः (१) नेपाल प्रशासन सेवामा देहायका श्रेणी रहनेछन् ।

(क) विशिष्ट,
(ख) प्रथम,
(ग) द्वितीय र
(घ) तृतीय ।

(२) नेपाल प्रशासन सेवाको विशिष्ट श्रेणी, प्रथम श्रेणी र द्वितीय श्रेणीमा देहायका तह रहनेछन् ।

(क) विशिष्ट श्रेणी
(१) मुख्य सचिव
(२) सचिव वा सो सरह

(ख) प्रथम श्रेणी
(१) अतिरिक्त सचिव वा सो सरह
(२) सह-सचिव वा सो सरह

(ग) द्वितीय श्रेणी
(१) उप-सचिव वा सो सरह
(२) सहायक सचिव वा सो सरह

(३) नेपाल प्रशासन सेवाको विभिन्न श्रेणीमा रहने पदको नामहरू अनुसूचीमा तोकिएबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा थपघट गर्न सक्नेछ ।

(५) यी नियमहरू प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल प्रशासन सेवा यी नियमहरूबमोजिम गठन भएको मानिनेछ र सो सेवाअन्तर्गत भएको श्रेणी विभाजन र नियुक्तिलाई यी नियमहरूबमोजिम भए गरेको मानिनेछ ।

४. नियुक्तिः प्रशासन सेवामा तृतीय श्रेणीमा मात्र नयाँ नियुक्ति गरिनेछ र अन्य श्रेणीहरूमा बढुवाद्वारा मात्र नियुक्ति गरिनेछ ।

५. योग्यताः नेपाल प्रशासन सेवामा नयाँ नियुक्ति हुनको लागि निजामती सेवा नियमावली, २०२१ को नियम २.२ अनुसारको अयोग्यता नभएको र कुनै स्वीकृत विश्वविद्यालयको स्नातक वा सो सरहको शैक्षिक योग्यता भएको हुनुपर्नेछ ।

६. खारेजीः देहायका नियमहरू खारेज गरिएका छन्ः–

(१) नेपाल प्रशासन सेवा (गठन) नियम, २०१३

(२) नेपाल प्रशासन सेवा श्रेणी विभाजन भर्ना नियमहरू, २०१३ ।

अनुसूची–१
(नियम ३.३ संग सम्बन्धित)

१. राजपत्राङ्कित विशिष्ट श्रेणी

(क) मुख्य सचिव

(ख) सचिव वा सो सरह

सचिव
मुख्य अधिकृत, विशेष प्रहरी विभाग
महालेखा नियन्त्रक
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

२. राजपत्राङ्कित प्रथम श्रेणी

(क) अतिरिक्त सचिव वा सो सरहका पदनामहरू

अतिरिक्त सचिव
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९८

(ख) सह-सचिव वा सो सरहका पदनामहरू

सह-सचिव
महानिर्देशक
प्रमुख जिल्ला अधिकारी
सह-अञ्चलाधीश
क्षेत्रीय निर्देशक
उप-महानिर्देशक
महालेखापाल
शिष्टाचार महापाल
महावाणिज्यदूत
काउन्सेलर
तालीम प्रमुख
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

३. राजपत्राङ्कित द्वितीय श्रेणी:–

(क) उप-सचिव वा सो सरहका पदनामहरू

उप-सचिव
निर्देशक
क्षेत्रीय निर्देशक
रजिष्ट्रार
प्रमुख जिल्ला अधिकारी
स्थानीय विकास अधिकारी
प्रमुख भन्सार अधिकृत
प्रमुख कर अधिकृत
प्रमुख मालपोत अधिकृत
प्रमुख अन्तःशुल्क अधिकृत
प्रथम सचिव
उप-महालेखा नियन्त्रक
लेखा परीक्षण निर्देशक
रक्षा लेखा नियन्त्रक

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमुख कोष नियन्त्रक
प्रमुख अनुसन्धान अधिकृत
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

(ख) सहायक सचिव वा सो सरहका पदनामहरू

सहायक सचिव
उप-निर्देशक
सहायक अञ्चलाधीश
जिल्ला शिक्षा अधिकारी
डेपुटी रजिष्ट्रार
वरिष्ट प्रशासकीय अधिकृत
नायब शिष्टाचार महापाल
वरिष्ट भन्सार अधिकृत
वरिष्ट कर अधिकृत
वरिष्ट मालपोत अधिकृत
वरिष्ट अन्तःशुल्क अधिकृत
भूमिसुधार अधिकारी
प्रधान अधिकृत
लेखा नियन्त्रक
कोष नियन्त्रक
मुख्य लेखापाल
जिन्सि प्रशासन अधिकृत
वरिष्ट प्रशिक्षक
डेपुटी कन्ट्रोलर
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

४. राजपत्राङ्कित तृतीय श्रेणीका पदनामहरू

शाखा अधिकृत
प्रशासकीय अधिकृत
योजना तथा प्रशासकीय अधिकृत
घरेलु उद्योग अधिकृत
साझा विकास अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 92
मुद्रण विभाग, सिंहदरबार

इन्स्ट्रक्टर
सहायक प्रशिक्षक
नियन्त्रक
बडा लेखापाल
लेखा अधिकृत
लेखा परीक्षण अधिकारी
लेखा परीक्षक
रक्षा लेखा उप-नियन्त्रक
उप-लेखा नियन्त्रक
असिष्टेन्ट कन्ट्रोलर
जिन्सि अधिकृत
अन्तःशुल्क अधिकृत
कर अधिकृत
मालपोत अधिकृत
भन्सार अधिकृत
सहायक जिल्ला शिक्षा अधिकारी
ग्याजेटेड सुब्बा
द्वितीय सचिव
द्वितीय सचिव लेखा
प्रवर हुलाक हाकिम
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

95

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।